# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मंसीर १५ गते २०४० साल

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूको संयुक्त राज्य अमेरिकाको राजकीय भ्रमणमा सवारीसाथ सम्माननीय परराष्ट्र मन्त्री श्री पद्मबहादुर खत्री पनि जानुभएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि उहाँले सम्हाली आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय जलस्रोत र आपूर्ति मन्त्री श्री पशुपति शमशेर ज. ब. रा. ले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

सम्माननीय अर्थ र सञ्चार मन्त्री श्री प्रकाशचन्द्र लोहनी फ्रान्सको राजधानी पेरिसमा हुने विश्व बैंकको संयोजकत्वमा नेपाल सहायता समूहको पाँचौं बैठकमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की नआउन्जेलसम्मको लागि उहाँले सम्हाली आउनुभएको अर्थ र सञ्चार मन्त्रालयको कार्यभार सम्माननीय पञ्चायत तथा स्थानीय विकास मन्त्री श्री जोगमेहर श्रेष्ठले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार